# शिखर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तल्कोट, डोटी
सुदुरपश्चिमप्रदेश, नेपाल

## सेती नदिमा माछा मार्ने बिक्री गर्ने तथा कवाडी संकलन सम्बन्धी सुचना

*प्रथम पटक प्रकाशित मिति : २०७८।०५।०९*

स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ बमोजिम यस शिखर नगरपालिका भित्र भएर बग्ने सेती नदि तथा अन्य खोलाहरुबाट माछा मार्ने र कावाडी मालसामानहरुको कर संकलन गर्न ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले ठेक्का लिन ईच्छुक व्याक्ती फर्म वा कम्पनीहरुबाट शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। साथै टेण्डर खरिद गर्दा सूचनाका शर्तहरु Tender Document साथ उपलब्ध गराईनेछ र सूचना तथा शर्तहरुको विस्तृत जानकारीको लागी यस कार्यालयको सूचना पाटी, वेभसाइट www.shikharmun.gov.np तथा कार्यालय समय भित्र राजस्व शाखाबाट जानकारी प्राप्त गर्न सकिने छ। साथै ठेक्का कबुल अंकको सम्पुर्ण रकम सम्झौता गर्दाका वखत एकमुष्ट बुझाउनेलाई प्रचलित ऐन नियमानुसार औचित्य हेरी ५ प्रतिशत सम्म छुट दिईने व्यहोरा जानकारी गराईन्छ।

| ठेक्का नं. | ठेक्का विवरण | न्युनतम ठेक्का अंक रु. मा ( भ्याट वाहेक) | टेण्डर फाराम दस्तुर | सूचनाको अवधि |
|---|---|---|---|---|
| २/०७८/०७९ | कवाडी कर संकलन कार्य | रु ६००००। | १०००। | १५ दिन |
| ३/०७८/०७९ | सेती नदीमा माछा मार्ने तथा निकासी गर्ने कार्य | रु ५००००। | १०००। | १५ दिन |

***आय ठेक्का बन्दोबस्त सम्बन्धि अन्य शर्त एवं बन्देजहरु देहाय बमोजिम रहेका छन।***

- कवाडी करका लागी न्युनतम ठेक्का अंक रु ६०००० (साठी हजार मात्र) मु.अ.क. बाहेक कायम गरियको छ।
- सेती नदी तथा यस नगरपालीका क्षेत्र भित्र भएर बग्ने अन्य खोलाहरुमा माछा मार्ने कार्यका लागी रु. ५०००० (पचास हजार मात्र) मु.अ.क. वाहेक कायम गरियको छ।
- ठेक्काको अवधी ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिले २०७९ साल असाढ मसान्तसम्म रहनेछ।
- मिति २०७८।०५।२३ गते कार्यालय समय भित्र राजश्व शाखामा प्रति ठेक्का रु १००० फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ। र खरिद भएका दरभाउपत्र हरु १६ औ दिन अपराह्न १२ बजे भित्र शिखर नगरपालीकाको कार्यालय तल्कोट डोटीमा दर्ता गर्न सकिने छ र दरभाउपत्र दर्ता भएको दिनको २ बजे खोलीने छ।
- दरभाउ पत्र खरिद गर्ने दिन सार्वजनीक विदा परेमा सो को भोलीपल्ट तोकियकै समयमा खरिद गर्न सकिनेछ।
- ठेक्का लिन ईच्छुक व्यक्तीले कवुल अंकको नेपाली नागरिक भए ५ प्रतीशत र गैर नेपाली नागरिक भए आफुले कवुल गरेको अंकको १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ। धरौटी वापतको रकम यस शिखर नगरपालीकाको कार्यालयको नाममा एभरेष्ट बैंक शिखर शाखा स्थित धरौटी खाता नं. ग.३ ०६६००१०६२००००२ मा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति संलग्न गर्नुपर्नेछ।
- बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलीपी साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ।
- बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संसोधन हुने छैन।
- बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलीने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ।
- रितपूर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी वालाको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहितको बोलपत्र स्विकार्य हुने छैन।
- यस सूचनामा उल्लेखीत भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

०७८।५।९
.............................
परमानन्दशर्मा
नि.प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner